# नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

## मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना

### (प्रथम पटक प्रकाशित मिति २०७५/०२/२४)

आर्थिक वर्ष २०७५/७६ का लागि नेपाल राष्ट्र बैंक धनगढी कार्यालयलाई तपसिलमा उल्लिखित सामानहरु आपूर्ति, निर्माण, मर्मत तथा विविध कार्य गर्न कालोसूचीमा नपरेका इच्छुक ईजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्र, पेशागत कसुर गरे बापत सजाय नपाएको स्वघोषणा, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित आफूले गर्ने कामको विवरण छुट्टाछुट्टै खुलाई यस कार्यालयको आन्तरिक प्रशासन फाँट (खरिद इकाई) मा सूची दर्ता गर्न/गराउन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फारममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई मौजुदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा निहित रहनेछ । थप जानकारीका लागि यस कार्यालयको आन्तरिक प्रशासन फाँट (खरिद इकाई) ०९१-५२७७०३ मा सम्पर्क राख्न सकिनेछ । यो सूचना नेपाल राष्ट्र बैंकको website (www.nrb.org.np/notice) मा समेत राखिएको छ ।

| क्र.सं. | खरिदको वर्गीकरण | क्र.सं. | खरिदको वर्गीकरण |
|---|---|---|---|
| (क) | **खरिद तथा आपूर्ति तर्फ** | (ख) | **परामर्श सेवा** |
| १ | स्टेशनरी तथा छपाई | १ | सिभिल इन्जिनियरिङ्ग सेवा |
| २ | कार्यालय मेसिन तथा उपकरण (नोट काउन्टिङ्ग मेसिन, Fire Extinguisher रिफिलिङ्ग समेत, आदि) | २ | आर्किटेक्चरल इन्जिनियरिङ्ग सेवा |
| ३ | विद्युतीय सामग्री | (ग) | **मर्मत तथा सम्भार सेवा** |
| ४ | भौतिक निर्माण (भवन, पर्खाल,कम्पाउण्ड, गेट आदि) | १ | इलेक्ट्रोनिक्स उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन, यू.पि.एस. फ्याक्स, टोनर रिफिलिङ्ग / software updates आदि) |
| ५ | निर्माण सामग्री तथा रङ्गरोगन | २ | फर्निचर मर्मत |
| ६ | सवारी साधनको पार्टपुर्जा तथा लुब्रिकेन्ट्स | ३ | सवारी साधन मर्मत |
| ७ | हार्डवेयर तथा फिटिङ्ग र स्यानेटरी सामग्री | ४ | भवन मर्मत तथा सम्भार सेवा (झ्याल, ढोका, सीसा, जाली फिटिङ्ग आदि) |
| ८ | फर्निचरका सामानहरु | ५ | विद्युतीय उपकरण (एयरकण्डिसनर, जेनरेटर, पंखा, पानी तान्ने मोटर, स्टेब्लाईजर, वाटरकुलर, भ्याकुम क्लिनर, रेफ्रिजरेटर, नोट काउन्टिङ्ग मेसिन आदि) मर्मत |
| ९ | पर्दा कार्पेट तथा फर्निसिङ्ग | ६ | दराज, फाइलिङ्ग क्याबिनेट, ट्रंक बाकस आदि मर्मत |
| १० | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, स्क्यानर, प्रिन्टर, यु.पि.एस आदि) | ७ | सि.सि.टि.भि मर्मत सम्भार |
| ११ | इन्धन (डिजल, पेट्रोल, मट्टितेल) | ८ | विदेशी मुद्रा गन्ने मेसिनको software update तथा मर्मत सम्भार |
| १२ | ट्रंक बाकस | (घ) | **अन्य सेवा** |
| १३ | पत्रपत्रिका तथा पुस्तकहरु | १ | कुरियर सेवा |
| १४ | भांडाकुंडा | २ | इन्टरनेट सेवा |
| १५ | फुटकर सामान (डिटर्जेन्ट/सरसफाई/लत्ताकपडा आदि) | ३ | इलेक्ट्रिसियन सेवा |
| १६ | बगैंचा सम्बन्धी (बोटविरुवा, बीउवीजन, मलखाद, औषधि,औजार ) | ४ | प्लम्बीङ्ग सेवा |
| | | ५ | कपडा धुलाई (Laundry) सेवा |